Visit Dwarkadheeshvastu.com For
FREE Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers
———— **** ————
All Music is also available in **CD** format. **CD Cover** can also be print with your Firm Name
———— **** ————
We also provide this whole Music and Data in **PENDRIVE** and **EXTERNAL HARD DISK.**
Contact : Ankit Mishra ( +91-8010381364, dwarkadheeshvastu@gmail.com )

****

# SOMVAR VRAT KATHA

# (Nepali)

****

# अथ श्रावणको सोमवार व्रतपूजा विधिः



श्रीगणेशाय नमः श्री सरस्वत्यै नमः उमामहेश्वराभ्यां नमः अथ श्रावणसोमवार व्रतपूजाविधिः प्रारम्भः— स्नानादि नित्यकर्मञ्च समाप्य शुद्धासने पूर्वाभिमुखो भूत्वोपविश्य पवित्रधारणम्। आचम्य, सप्रणव पञ्चाक्षरी मन्त्रेण प्राणायाम पूर्वकम् दशाक्षरीम् दशवारं जप्त्वा दीपं प्रज्वाल्य दिग्देवेभ्यश्च प्रमणेत्। कर्मपात्रं कुर्यात्। सर्षपाक्षतान् विकीर्य, भूमिं संशोध्य, संपूज्य रङ्गबलिञ्च कुर्यात्। प्रायश्चितं कृत्वा अर्घ्यं संस्थाप्य लिङ्गतोभद्र वा लिङ्गवेराकृतिं ससर्पवेष्टितासनं वा अष्टदलम् विलिख्य तदुपरि पार्वत्या सह महेश्वरस्य लिङ्गं संस्थापनाय मध्यकलशं स्थापयेत् तस्मात्पूर्वेस्मिन् भागे दीपं प्रज्वाल्य दीपोत्तरे गणेशः लिङ्गस्येशानभागे कलशञ्च संस्थाप्य लिङ्गस्य दक्षिणे-भागे उदङमुखो भूत्वोपविशेत्। तदग्रे अर्घ्यं, कर्मपात्रं, पूजापात्राणि च विन्यस्य विष्णुं संस्मृत्य पवित्रम् कुर्यात्।

ततः संकल्पम् विधाय अद्येहामुक गोत्रस्यामुक शर्मणो भार्यामुकनाम्नि देव्यहं मम सकल ज्ञातोऽज्ञातः पापः क्षयार्थं समस्तरोगाणां झटीति निवारणार्थं आयुरारोग्य बृद्ध्यर्थं पुत्रादि सन्ततीनाम् सद्बुद्धिरायुबलाभिबृद्ध्यर्थं।। सौभाग्यसंरक्षणार्थञ्च स्वस्य मनोभिलाशा परिपूर्णार्थं साम्वशिव प्रसन्नार्थञ्च श्रावणीसोमबारेऽस्मिन् दिने व्रतोपविश्य वा यथा विधानेन व्रतङ्कृत्वा उमामहेश्वरस्य यथोपचारेण पूजनादन्तरं प्रसाद ग्रहणान्तरम् कथा श्रवणं वा पठनञ्च करिष्ये। इति संकल्प्य प्रतिज्ञानन्तरम् अर्घ्यपात्रे आपक्षीरादि अष्टाङ्गम् तु कृत्वा मुद्रां प्रदर्शयेत्। सूर्यार्घ्यं दद्यात्।

सूर्योपस्थानञ्च कुर्यात्-ओमं ध्येयः सदा सवित्रिमण्डलमध्यवर्ती नारायणं

सरसिजाऽसन-सन्निविष्ठः। केयूरवान् मकरकुण्डलवान् किरिटी हारी हिरण्मय वपुर्धृतः-शङ्ख चक्रः।

ततो दीपकलशगणेशान्, रक्षाबन्धनपूजनम् कलशमुखे गणपत्यादि वनस्पति-पर्यन्तम्पुजयेत्। ततः मध्यकलशोपरि ताम्रपात्रेऽष्टदलम्विलिख्य शिवप्रतिमां संस्थापयेत् नवीन प्रतिमाचेत्तदा प्राणप्रतिष्ठां कुर्यात्

धौतवस्त्रं, स्वश्रृङ्गारोऽलङ्कारादि विभूतिरुद्राक्षञ्च परिधाय पूजामारभेत्।

***(यदि यसरी पूजा गर्न असमर्थ हुनेले पूजासामग्री लिएर शिवमन्दिरमा गएर ॐ नमः शिवाय, ॐ नमः शिवाय भन्दै पूजा गरे हुन्छ, तर कथा भनेअवश्य सुन्नुपर्छ व्रतप्रतिष्ठामा भने यो विधित्ले पूजा गर्नुनै पर्छ)***

# अथ प्रधान देवताराऽधनम्

ध्यानगर्नेमन्त्रः— कैलाशे स्थितः पार्वती गणपतिर्वामे दक्षिणे कृतः ।
नन्दिभूतपिशाच यस्य परिधिः कृष्णादि देवैर्वृतः ।।
श्रीरामहृदये निवासितः सदा सश्चिदह्युम् श्रीपतिः ।।
अर्धनारीस्वरस्त्वमेव प्रकृतिर्माम्पाहि देहि गतिः ।।

आवाहनगर्नेमन्त्रः—ऐह्येहि गौरीश पिनाकपाणे शशाङ्कमौले वृषमाधिरूढ ।
देवाधी देवेश महेश नित्यं गृहाण पूजा भगवन्नमस्ते ।।

आसन्— रम्यं सुशोभनं नैव शुभ सौख्यकरं तथा ।
कुशासनं मया दत्तं गृहाण जगदीश्वर ।।

पाद्यम्— उष्णोदकम् निर्मलञ्च सर्वसौगन्ध्य संयुतम् ।
पादप्रक्षालनार्थाय दत्तं ते प्रतिगृह्यताम् ।।

अर्घ्यम्— अर्घ्यं गृहाण देवेश आपक्षीरादि संयुतम् ।
पूर्णाशा कुरू मे देव प्रसन्नो भव सर्वदा ।।

आचमनीयम्— नर्मदा चालकानन्दा भागिरथ्यादीयम् जलम् ।
स्नानाय ह्यार्पयिष्यामि सदा शान्तिं कुरूष्व मे ।।

पञ्चामृत स्नानम्— पयोदधिघृतञ्चैव मधुशर्कर संयुतम् ।
पञ्चामृतं गृहाणेश सर्वसन्तोषकारकम् ।।

शुद्ध जलम्— मन्दाकिन्याश्च कावेर्या नर्मदाया यथा जलम् ।
तथा विमलपानीयङ्गृहाण परमेश्वर ।।

गन्धोदकस्नान्— श्रखिण्डङ्कुकुमञ्चैव कर्पूरागरुवासितम् ।
गन्धोदकेन विश्वेशप्रसीद परमेश्वर ।।

सिन्दुरादि सौभाग्य—द्रव्यम्– जीवार्थं पतिना सार्धं सुखेन शरदं शतम् ।
अर्चयिष्यामि गिरीश दाम्पत्यार्थं उमाम् सतीम् ।।

वस्त्राणि— लज्जानिवारणार्थाय वस्त्रमावश्यकं यथा ।
वस्त्रार्पणप्रभावेण जन्म स्यात् सफलं तथा ।

यज्ञोपवीतम्— गुणेन गुणितं गुणं तन्तुर्ग्रन्थी गुणाधिकम् ।
गृहाण हर्षितं सूत्रं सर्पभूषण, शङ्कर ।।

ताम्बुलुम्— लवाङ्गैलादि क्रमुकं खदिरादि सुवासितम् ।
पुगिफलादि ताम्बुलं गृहाण जगदीश्वर ।।

फलम्— इदं फलं मयादेव स्थापितः पुरतस्व ।
तेन मे सफलावाप्तिर्भवेज्जन्मनि जन्मनि ।।

चन्दनम्— सिन्दुरङ्केसरञ्चैव चन्दनार्थं विलेपनम् ।
गृहाण चन्दनं देव कामना सफलां भवेत् ।।

अक्षतान्— अक्षता धवलाश्चैते लोहिता ह्यथवा प्रभो ।।
गृह्यताम्भो ह्युमानाथ सफलस्तु सदा मम ।।

पुष्पम्— मन्दारपारिजातश्च धत्तुरादि च मालती ।
सुवासितानि पुष्पाणि मालाश्च प्रतिगृह्यताम् ।।

विल्वत्राणि— त्रिदलं त्रिगुणाकारं त्रिनेत्रञ्च त्रियायुधम् ।
त्रिजन्म पापसंहारं विल्वपत्रं शिवार्पणम् ।।

धूपम्— वनस्पति रसोद्भूतो गन्धाढ्यो गोघृतं तथा ।
आघ्रेय सर्वदेवानां धूपोयं प्रतिगृह्यताम् ।।

दीपम्— घृतबत्ती समायुक्तं बह्निनां योजितं मया ।
दीपं गृहाण देवेश त्रैलोक्य तिमिरापहम् ।।

नैवेद्यम्— शर्कराघृत संयुक्तं मधुरं स्वादु चोत्तमम् ।
शस्कुली मल्लपूपादि नैवेद्यं प्रतिगृह्यताम् ।।

अपूपम्— पञ्चभूतेषु या पृथ्वी लीलार्थं रचितं त्वया ।
तया ह्युत्पादिता-पूपम्मधुरमपि गृह्यताम् ।।

पुनराचमनीयम्— ऐलोशीर लवङ्गादि कर्पूरादि सुवासितम् ।
प्राशनाय हृतं तोयं गृहाण परमेश्वर ।।

दक्षिणाम्— हिरण्यं कल्पितं पत्रं दक्षिणार्थं शिवार्पणम् ।
अनन्त पुण्य फलदमतः शान्तिं प्रयच्छ मे ।।

कर्पूरार्तिक्यम्— कदलीगर्भ सम्भूतं घनसारं मनोहरम् ।
आरार्तिक्यमहं कुर्बे पश्य मे वरदो भव ।।

प्रदक्षिणाम्— यानिकानि च पापानि जन्मान्तर कृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिण पदेपदे ।।

पुष्पाञ्जली— नाना सुगन्धि पुष्पाणि देश कालोद्भवानि च ।
पुष्पाञ्जलीं मया दत्तं गृहाण परमेश्वर ।।

उद्यापनो वा व्रतप्रतिष्ठाचेत्तदा हवनानन्तरम् द्विजदम्पती पूजनम्, गोदानम्, पूर्णपात्रञ्च कृत्वा क्षत्रपालाय बलिं दत्वा दक्षिणाम् दत्वा

प्रार्थयेत् आवाहनं नजानामि इत्यादिना। अतः परमभिषेकं ब्रतार्पणम्। कायेनवाचेति।

**टीका प्रसादं गृहित्वा पुनः प्रार्थयेत्–**

अस्मिन् कर्मणि मया (अस्माभिः) यत्कृतम् तत् सुकृतमस्तु यन्नकृतं तच्छ्री विष्णोः प्रसादात्, ब्राह्मण वचनात्सर्वं परिपूर्णमस्तु। ब्राह्मणान् भोजयेत् स्वयञ्च प्रसादम् गृह्णियात् पूजाविधि कर्तुमशक्तश्चेत्तदा यादृशं लिङ्गम् (शिवप्रतिमा) प्राप्यते तादृशं विधिं कृत्वा आराधयेत् परन्तु कथा तु अवश्यमेव शृणुयात्।

*इति पूजाविधिः*

* श्री *

# सोमवार व्रत कथा प्रारम्भ

शोभायमान श्री गणेशलाई, श्री सरस्वतीलाई, सूर्यदेवी विष्णुले सहित शिवलाई नमस्कार गरी मनले अद्वैत रूपको ध्यान गर्दै कथा आरम्भ गरिन्छ। ध्यान-हातमा शङ्ख चक्र लिएका कौस्तुभ मणिमाला र अस्थिमाला लगाएका, द्वारकामा र श्मसानमा बस्ने गरुड र गोरु बाहन भएका, दुई र तीन आँखा भएका बलिको र दक्षको यज्ञमा विध्वंश गरेको देखाई पूरा गरिदिने, मेघको र हिमालको जस्तो वर्ण भएका लक्ष्मी र पार्वतीका अर्धाङ्गी शक्तिका पुञ्ज परमेश्वरलाई हृदयदेखिनमन गरेर फेरि कथारम्भ गरिन्छ।

**साम्बसदाशिवको जय ३.....**

## सोमवार-व्रतकथा

सबै देवताहरूले चाहेको तर नपाएको उत्तम लोक कैलाशमा आनन्दैले रहेका महेश्वरप्रति जगन्माता पार्वतीले लोक कल्याणको लागि आफूले नबुझेको झैं गरेर शिवस्वामीसँग श्रद्धापूर्वक प्रश्न गर्नुभयो "हे स्वामी, यस जन्मको भौतिकलाभ र परजन्मको मुक्ति समेत प्राप्ति हुने संसारमा कुनै उपाय व्रत, तीर्थ, दान र यज्ञ छ भने कृपा गरी आज्ञा हवस् किनकि जब घोर कलि आउँछ तब मानिसहरू ईश्वर प्रति पूर्ण अनास्था राखेर ईश्वर त हृदयमा नै छन् भने किन अनेक व्रत स्नान गर्ने? पुनर्जन्म कसले देखेर आएको छर? जस्ता अनेक प्रश्न राखेर धर्म विमुख रहनेछन् र त्यसको फल तनावग्रस्त र आफ्नै परिवारको आँखाका कसिङ्गर, रोगका शिकार र चिन्ताका मन्दिर बन्नेछन्। प्रथम त पुरुषहरूमा घमण्डले ढाकेर धर्म विमुख हुनेछन्। पछि सत्तान्धताको आकुल कौतुहलको जब तृप्ति हुन्छ तब अलिअलि गर्दै नारीहरू पनि धर्महीन हुनेछन्। अतः यस्ता नारीहरूले

आफूमा धर्मस्थापना गरी पुरूषलाई समेत सबैको कल्याणार्थ धर्मप्रति अभिमुखीकरण गराई  लोकको नै हीत हुने काममा चित्त जाने यदि कुनै उपाय छ भने आज्ञा होस् भनी बध्वाञ्जली हुनुभयो। त्यसपछि महेश्वर आज्ञा गर्नुहुन्छ-"हे सुश्रोणि! सुन, लोककल्याणको लागि तिमीले म सँग सोध्यौ त्यसैले हे प्रिये! यो गोप्यमा पनि अति गोप्य रहेको आन्तरिक पीडालाई नाश गर्ने मानव हीतकारी धर्मकथा म भन्छु सुन।

अघि नारद ऋषिले पृथ्वीको भ्रमण गरी दिग्दारी लिएर मानवले नै मानव आदि प्राणीमा गरिएको अत्याचार र अमानवीय व्यवहार आपसी अनविश्वास, अरूप्रतिको हिंसा, दमन आदि देखेर सहन नसकी सत्यलोकमा गएर ब्रह्माजीसँग विन्ति गर्नुभयो। नारदले भन्नुभयो-"हे ब्रह्मन्! पृथ्वीका प्राणीहरूको हृदयविदारक दुःख देख्दा मेरो कारूणिक हृदय छियाछिया भइरहेको छ। एकआपसमा विद्रोहभाव, अविरल धनको लोभरूपी अग्निको

जलाई, आरोग्यताको अभाव, अनाचारले विवेक छोपिएको चित्त, सम्पत्ति एवं सन्ततिका 
बारेमा भएको अविरल चिन्ता कसरी कलिमा पनि मुक्त गर्न सकिएला? हे विधात्रा, कृपा गरी आज्ञा गर्नुभए आभारीहरूको उद्धार हुने थियो मानवहीतार्थ मलाई सन्तुष्टी दिन आज्ञा होस्।''

''जसरी दीसाको कीरोलाई दीसाबाट बाहिर निकाल्दा मर्छ, त्यसैगरी कलिका मानिसले भौतिक संसारबाट अध्यात्म (दैविचिन्तन) मा जानुपर्दा आफू मरेको वा वेइज्जत भएको अनुभूति गर्दछन् भने त्यस्ताको पनि कल्याण हुने कुनै उपाय यदि छ भने आज्ञा गर्नुहोस्।''

यस्तो नारद को प्रश्न सुनेर मनले नारायणलाई सम्झेर मन्दहास्य गर्दै 'ब्रह्माले भन्नुभयो-''हे नारद! अब म तिमीलाई गोप्यमय सोमबारको व्रतको महिमा सुनाउँछु सुन

 

किनभने छोरालाई पढाउनु पिताको कर्तव्य हो। सन्ततिशिक्षालाई ठूलो धर्म मानिन्छ सन्तति शिक्षा भनेको दोस्रो पुस्तामा धार्मिक संस्कृति हस्तान्तरण गर्नु हो। दुनियाँलाई पालना गर्ने शिक्षा पाएर मेरा सरस्वती आदि छोरीहरू सबैलाई पालना गरिरहेका छन्। अब त लोक कल्याणार्थ पुत्रशिक्षा दिने मौका जुन नारायणकै मूर्तिरूप उमामहेश्वरलाई मनले प्रणाम गरी भन्दछु। जो सुन्नाले असत्य वस्तुप्रति अनास्था र सत्य वस्तुप्रति आस्था अभिवृद्धि हुन्छ। यो ब्रत गर्नाले दुवै लोकका मनोरथ पूर्ण हुन्छन्। यो व्रत स्त्री पुरुष सबैले गर्न सक्तछन्। यो सोमवारको व्रत शिवको अति प्यारो र अरू व्रतहरूको राजा हो जुन व्रत गर्नाले दुवैलोक सप्रन्छ त्यस्तै मनोरथ पूर्ण हुन्छ। करोडौं जन्मको पाप नाश हुन्छ। योग्य कर्म यो हुन्छ अझ सोमवारको व्रत दिनभर गररे साँझमा शिवको पूजा गर्नु। तब त्यस व्रतलाई सोमप्रदोष भनिन्छ। यमसा त्रयोदशीको व्रतसमान विधि र फल जान्नु 'श्रावणका सोमवारको व्रत अझ

विशिष्ट मानिन्छ। श्रावणमा परेका सोमवार जसले एउटा पनि व्रत गर्दैन उसले निरर्थकता बाहेक केही पाउँदैन, अतः पवित्र भएर इन्द्रियलाई जितेर प्रेमले, विधिपूर्वक शिवको पूजा गर्नुपर्छ। वेदका अनुसार वा लौकिक अर्थात् पौराणिक वा तन्त्रादि विधिले शिवपूजा गर्नु र त्यस्तो ध्यान गर्नु संसार मा शिव बाहेक केही छैन। सोमवारशिवको भजन गर्नु, भक्तिको महिमा सबैभन्दा ठूलो छ। श्रद्धाले, भक्तिले, कुनै भाकल पूरागर्ने हेतुले, करले वा बाध्यताले व्रतलिनेहरूको सङ्गत छुट्ने डरले वा अरूलाई देखाउने उद्देश्यले धार्मिक तथा आस्तिकपना देखाउन मात्रै भएपनि शिवजीको कृपा विना यो व्रत प्राप्ति हुँदैन। यो व्रतले भाग्यहीन, सन्तानहीन, निर्धन सबैले मनोरथ पूर्ण गर्दछन्। जुनउद्देश्य का लागि यो व्रत गरिन्छ, निःसन्देह उसको इच्छा पूरा हुन्छ। बाजपेय यज्ञ तथा अश्वमेधयज्ञको फल प्राप्त हुन्छ। यहाँ सधैं प्रसन्न रहेर अन्तमा शिवपुरी जानेछ। त्यहाँबाट यहाँ (जन्मनु र मर्नु पर्ने

ठाउँमा) आउनै पर्दैन। शिवदर्शनमा आएका नारायणको प्रत्यक्ष दर्शन त्यहाँ पाइन्छ। 
गोलोकवासी राधाकृष्णसँग साक्षात्कार गर्न सकिन्छ। यो व्रत चारै वर्ण र चारै आश्रमका निमित्त उचित हुन्छ। पुरुषा वा नारी, विधवा वा कुमारी सबैले व्रत गर्ने अधिकार छ।

कैलाशमा शिवजीले राधाकृष्णलाई भन्नु भएको यो महिमा तिमीलाई सुनाउँछु। जुन व्रतका प्रभावले चित्राङ्गद मृत्युदेखि पनि बाँचे। त्यो इतिहास सुन हे नारद! प्राचीन कालमा आर्यावर्त नामको देशमा एक प्रतापी चित्रबर्म नामका धर्मात्मा, यज्ञ गर्ने, संसारका सबै भोगहरूले भरपूर, शत्रुप्रति प्रबल, लिङ्गवेरका पूजक, शिवजीका महाभक्त राजा थिए। शिवभक्तिकै कारण एक सुन्दरपुत्र र त्यसपछि एक सुन्दरी कन्या जन्मिए। छोरीसमेत जन्मिएको देख्दा प्रफुल्ल भएका राजाले दानमानले ब्राह्मणहरू खुशी गराए। पार्वतीको जन्मले हिमालय जस्तै राजा आनन्दित भए। ज्योतिषीले ती कन्याको नाम सिमन्तिनी

जुराएर भने-"यी कन्या उमासमान शुभ दमयन्तीसमान सुन्दरी, लक्ष्मीसमान बुद्धि, बोली  र कला भएकी, देवमाता अदिती झैं सन्तानवती, सूर्यजस्तो तेज र चन्द्रमाको समान सुन्दरता भएका, आफ्ना पतिका साथ दशहजार वर्ष पर्यन्त रहनेछिन्। यिनका आठभाइ छोरा हुन्छन्।" त्यो सुनेर दुवै राजारानी अत्यन्त खुशी भए। "नराम्रो कुरा एउटा मात्र देखियो जसले सबै फललाई अनर्थ गराउँछ। त्यो के हो भने बोल्न सकिन्न।" त्योतिषीको यस्तो कुरा थपियो। राजाले भन्नुभयो-"राम्रो नराम्रो भन्नु ज्योतिषीको कर्तव्य हो। गुरु! देखेको कुरा ग्रहका आधारले भन्नुहोस्।" यस्तो सुनेर पुनः ज्योतिषी भन्छन्-"यिनले चौध वर्षमा विधवा हुनुपर्छ।" त्यो बाग्वाणले राजारानी दुवै मुर्छा भए। ज्योतिषी विदा भए। केही बेरपछि राजारानीमा चेष्टा भयो तर चिन्ता बढ्यो। एक दिन एकपर्णापति देवल ऋषि दरबारमा आई राजाले सम्मान गरेको बैठकमा बसे। राजाले पहिलेको ज्योतिषीबाट ओकलिएको आफ्नो

पीडा ब्राह्मणछेउ पोखे। "के बैधव्य नाश गर्ने उपाय केही छैन? यदि छ भने मुटुको घाउमा औषधि लगाईदिनुहोस्।" यस्तो प्रश्न सुनेर अर्काको सुख र शुभ चाहने पानीको जस्तो स्वभाव भएका देवलले भने "शिवजीले यस्तो दुःख हटाउनुहुन्छ।" भन्दै विदा पनि भए।

युवावस्थामा पुगेकी सिमन्तिनी आन्तरिक पीडाले चिन्तित थिइन्, परन्तु कसैसँग बैधव्ययोग सम्बन्धि कुरा पोख्दैनथिन्। एक पटक याज्ञवल्क्यमुनिकी पत्नी मैत्रेयीसँग गएर आफ्नो वृतान्त भनिन्। उनले भनिन्-"म हजुरको शरणमा आएकी छु यदि मेरा पतिको आयुवृद्धिको कुनै उपाय भए आज्ञाहोस्।" भन्दै रुदै मैत्रेयीका पाउमा पसारा परिन्। मैत्रेयीले पनि बुझाउँदै भनिन हे "बाले!-पार्वतीका शरण पर, तिम्रो दुःख नाश हुन्छ।" भन्नुभयो।

"सोमवारको व्रत गर्नुपर्छ, सोम शिवको पूजा गर्नुपर्छ, सकिन्छ भने दिनमा उपवास बसी सन्ध्यामा सोमवारको पूजा गर, ब्राह्मणभोज गराऊ। निःसन्देह तिम्रो मनोरथ पूर्ण

हुनेछ। पतिको आयु बढाउन यो भन्दा अर्को उपाये छैन। यो व्रत गर्नेको कुनै प्रकारको दुःख रहँदैन।" सिमन्तिनीले यस्तो शिक्षा पाएर घर फर्किन्। विधिले सोमवारको व्रत गरिन्। व्रतका प्रभावले वैधव्ययोगको नाश भएको जानेर उनको विवाह गर्न (कन्यादान गर्न) पाउँदा राजा चित्रवर्म अत्यन्त खुशी भए।

*ॐ तत्सदिति शिवपुराणान्तर्गत सोमवार व्रतकथायां प्रथमोऽध्याय॥१॥*

फेरि ब्रह्माले भन्नुभयो हे नारद मुनि, यो पाप नाश गर्ने उपाख्यान सुनाउँछु। नैषध देशका राजा नल र उनकी रानी दमयन्ती जसको चरित्र शिवपुराणमा वर्णन गरिन्छ ती शिवका प्रिय भक्त थिए। ती दुईमा एउटा बालक पैदाभयो, जसको नाम इन्द्रसेन राखे इन्द्रसेन पनि शिवभक्तिमा प्रसिद्ध थिए। उनका पनि एकपुत्र भए जसको नाम चित्राङ्गद राखे चित्राङ्गद पनि चन्द्रमा समान सुन्दर थिए। उनी पनि शिवभक्त थिए, त्यस्तै कलामा पनि

प्रवीण भए। मधुरवाणीण बोल्ने चित्रवर्मले चित्राङ्गदको उत्तम आचरणदेखेर उनैसँग आफ्नी छोरी सिमन्तिनीको विवाह धुमधामले गरिदिए। राजा चित्राङ्गद आफ्नो विवाह पछि केही दिन ससुरालीमा नै बसे। आफ्नी सिमन्तिनीनामा पत्नीसहित सोमवार व्रत गर्दै रहे। एकदिन अरू समेत राजा चित्राङ्गद डुङ्गामा बसेर यमुना नदीमा जल विहार गर्दै थिए अकस्मात् डुङ्गा डुब्यो। त्यहाँ कोही बाँचेनन्। जबकि चालको पनि मृत्यु भयो। नदीको दुई किनारामा हाहाकार मचियो। सेनाहरू रुन कराउन लागे। राजा चित्रबर्म यो खबर सुनेर अति चिन्तित हुँदै नदीकिनारमा आएर रुन लागे रानी पनि मुर्छा भई भूमिमा पछारिइन्। त्यसैगरी सिमन्तिनी पति डुबेको सुनेर भाव विह्वल भइन्। उनका भाइ, मन्त्री, राज्यसभा, सारा जनता शोकसागरमा नडुबेका कोही थिएनन्। रानीसहित राजा इन्द्रसेन पनि पुत्रशोकमा डुबे। कैयौं बुद्धिमानीहरूले सम्झाउनाले केही धैर्य धारण गरेका राजा चि वर्म आफ्ना घर फर्केर छोरी सिमन्तिलीनाई सम्झाएर डुबेका राजाको सबै क्रियाकर्म गरे।

त्यहाँ सिमन्तिनी पतिका साथ सती हुन चाहन्थिन् परन्तु उनका पिता चित्रबर्मले २२ रोकाले वैधव्य धर्मको पालना गररे रहिन्। उनी विधवा भएपनि सोमवार व्रत भने छोडिनन्, जस्तो मैत्रेयीले उनलाई भनेकी थिइन् आशौच सकेपछिको कुरा हो। श्रावण मासको सोमवार आयो त्यसदिन स्नान गररे अन्न जल रहित भएर प्रदोष कालमा शिवरानी (पार्वती) सहित शिवको पूजा गरिन् अतिप्रेमले शिवोत्सव गरिन्। यसरी सोमवार व्रत गर्दै मातापिताका घरमा तीन वर्ष बित्यो। उता इन्द्रसेनलाई शत्रुहरूले लखेटेर राज्यपनि सबै लुटे। रानीलाई बन्दी बनाए। यसरी बलि झैं ठूलो आपदमा परेका राजाको पनि सिमन्तिनीद्वारा गरिएको सोमवार व्रतले पीडा मुक्त गरायो। जो चित्राङ्गद यमुनाबाट निस्केर शिवका कृपाले उभयकुलको उद्धार गरे।

ॐ तत्सदिति शिवपुराणान्तगर्त सोमवार व्रतकथायां द्वितीयोऽध्याय॥२॥

फेरि नारदले शङ्का गर्दै सोध्नुभयो, "नदीमा डुबेको चित्राङ्गद क्रियाकर्म सकेको तीन वर्ष पछि कसरी निस्कियो? उसको मासु कछुवाले खाइसकेहुन् र हाड पनि मक्काए, कस्तो आश्चर्य चरित्र सुने? हे प्रभु मेरो शङ्का निवारण गरिदिनुहोस्" भन्दा ब्रह्माले आज्ञा गर्नुभयो, "हे नारद, जलविहार समयमा धेरै सर्पका स्त्रीहरूले ज्यादै सुन्दर देखेर चित्राङ्गदलाई रहरले पातालमा लगेछन्। जुन नगरमा धेरै सर्पहरू बस्दथे। राजालाई तक्षकको दरबारमा पुऱ्याए जुन दरबार हीरा, मोती, पन्ना, नीलम् र अन्य रत्नहरूले जडित थियो। चित्राङ्गदले तक्षकलाई रत्नजडित सिंहासनमा सुशोभित देखे। त्यहाँ विचित्र सामग्री र दास दासी देखेर चकित भए। उनले तक्षकलाई अति प्रकाशवान् तेज देखेर प्रणाम गरे। तक्षकले पनि राजालाई ज्यादै सुन्दर देखेर आफ्नी भार्यासहित भई शुभ दृष्टि पूर्वक सोधे "तपाई

यहाँ कहाँबाट आउनु भयो? तपाइँले यो ठाँउ कसरी देख्नुभयो?" राजा चुप थिए। बरू तक्षककै स्त्रीहरूले उत्तर दिए। "यिनलाई हामीले यमुनानदीमा भेटेर खुब राम्रो लागेर ल्यायौं। किन्तु यी को हुन् हामीलाई केही थाहा छैन।"

यो कुरा सुनेर तक्षकले राजासँग सोधे, "तिमी कहाँका हौ?, कसका छोरा, को हौ?" यस्तो प्रश्न सुनी राजाले हात जोडेर शिवजीलाई सम्झेर तक्षकलाई प्रणाम गर्दै आफ्नो बृतान्त भने, "धेरै जन्मको पुण्य जम्मा भएछ, र हे महाराज! हजुरको दर्शन मिल्यो। न मैले आज अघि न पितृहरूले यसरी दर्शन पाएथे।" यस्तो सुनेर तक्षक अति प्रसन्न भएर भने हे राजपुत्र! तपाई कुनै शङ्का नमान्नुहोस्। तपाईंलाई एउटै कुरा सोध्छु सबै देवतामध्ये तपाई कुन देवताको पूजा गर्नुहुन्छ? मलाई भन्नुहोस् त्सपछि अरु कुरा गरौंला।" यस्तो सुनेर राजपुत्रले बिन्ति गरे जसलाई सबै वेदहरूले शिव नामले वर्णन गर्छन् उनै

महादेवको योग्य हुन्छ। ब्रह्माविष्णु पनि जसका अङ्गछन्, उनका अङ्गबाटै जन्मेका छन्। तीन रूप जसको ध्यान गरिन्छ। सृष्टि, स्थिति र विनाशको कारण जो छ, कारणका पनि कारण, धाताका र तेजका पनि तेज एउटै अविनाशी प्रभु मेरा स्वामी हुन्। म वहाँकै पूजा गर्दछु।''

यस्तो शिवमहिमा सुनेर अत्यन्त प्रसन्न भएका तक्षकले फेरि भने ''हे राजपुत्र म तपाईंदेखि ज्यादै खुशी भएँ, शिवमहात्म्य जान्नाले तपाईं समान दोश्रो सत्पुरुष कोही छैन। तसर्थ तपाईं यहाँ रहेर सबैको राजाधिराज हुनुस्। मेरो यस देशमा सदा आनन्द छ दुःखको नाम पनि कोही जान्दैनन्। कोही बुढा हुँदैनन्, कोही मर्दैनन्। यहाँ कसैलाई रोग लाग्दैन।'' यस्तो मधुरवाणी सुनेर राजपुत्रले हात जोडेर तक्षकसँग विन्ति गरे ''हे महाराज! मेरी श्रीमती, माता, पिता र अरू जनता म डुबेको देखेर ज्यादै दुःखी होलान्। मरे बाँचेको पत्तो

छैन। छोराछोरीको माया आमाबुबालई कति हुन्छ भन्ने कुरा आफू आमाबुबा भएपछि, मात्र  स्पष्ट हुन्छ, भन्ने श्रीकृष्ण भगवानको वाणी छ, अत: मलाई वहाँ पठाईदिनुस्।" यो कुरा सुनेर प्रसन्नता पूर्वक तक्षकले थरिथरि वस्त्र, आभूषण, रत्न र अनेक सामग्री दिए र शिवभक्तिको बर दिए अनि "कामक" नामको घोडा जो आफ्नो इच्छानुसार पुग्न सक्दथ्यो। सामग्री बोक्ने एउटा राक्षस र आफ्नो छोरो समेत पुऱ्याइदिनका लागि विदा दिनु भयो र भन्नुभयो "मलाई सम्झेमा तुरुन्त म तिमीकहाँ आउँनेछु।"

राजपुत्र तक्षकबाट विदा भएर घोडामा सवार भई तक्षकबाट प्राप्त सामग्रीसहित यमुनाका किनारमा उपस्थित भए, दुवै राजकुमार गंङ्गाका तटमा घोडामा बसेर यताउता घुम्न लागे।

*ॐ तत्सदिति शिवुपराुणान्तर्गत सोमवार व्रतकथायां तृतीयोऽध्याय ॥३॥*

नारदको यस्तो प्रश्नमा ब्रह्माले भन्नुभयो-त्यसदिन सोमवार थियो र सिमन्तिनी व्रतका लागि साथीसहित स्नान गर्न यमुनाका तिरमा गएकी थिइन। तब ती दुवै जना घोडामा आरूढ देखिन् र चिनिन्। वहाँ मेरा पति हुनुहुन्छ किनकि शारीरिक लक्षण एवं मुखाकृति यस्तै थियो। राजपुत्रले पनि सिमन्तिनीलाई देखे र चिने। "यिनी त मेरी भार्या हुन्, किन विधवाको लक्षण धारण गरिछन्? ज्यादै दुब्ली पनि त भइछिन्" भन्दै घोडाबाट यमुनाका किनारमा बसे अनि सिमन्तिनीलाई बोलाएर आफ्ना छेउमा बसाए तब पटकपटक दोहोऱ्याएर उनको मुख हेर्न लागे, आश्चर्य मान्दै भन्न लागे "तिमी कस्की पत्नी र कस्की छोरी हौ? तिम्रो यो दशा कसरी भयो? तिमी त युवती अवस्थामा नै पो विधवा भइछौं।

सिमन्तिनीले पनि गहभरी आँसु भरेर कुनै उत्तर दिन सकिनन्। उनकी साथीले साङ्केतिक आज्ञा पाएर भन्न लागिन् "यिनको नाम सिमन्तिनी हो र नलराजाका नाति

*सोमवार-व्रतकथा*

चित्राङ्गदकी श्रीमती, राजा चित्रबर्मकी छोरी, विधुवाशील पालेकी सत्य पतिव्रता सती हुन् किनभने यिनका पति यमुनामा डुबे। अतः आफ्ना माइतमा बसेर शिवजीको पूजा, सोमवारको व्रत गर्छिन्। आज त तीन वर्ष वितिसक्यो तैपनि पतिलाई बिर्सिन सकिनन्।

आज श्रावणको सोमवार हुनाले स्नान गर्न यहाँ आएकी छिन्। यिनका ससुरा इन्द्रसेन शत्रुहरूबाट हारेर राज्यहीन भएर शत्रुहरूद्वारा रानीसहित कैद गरिए र पुत्रवियोग कै कारण मर्न लागे र पनि शिवपूजा र सोमवारको व्रत छोड़ेका छैनन्। "त्यसैबेला सिमन्तिनीले मधुरवाणीले सोधिन् "तपाई को हुनुहुन्छ? किन्नर, गन्धर्व कोहि सिद्धपुरूष वा शरीरधारी कामदेव। आफ्नो बृतान्त भन्नुहोस्। तपाईलाई म त सम्झन्छु वा देखिरहेकी छु मेरा पतिको नै रूप धारण गर्नु भएको छ।" यस्तो भनेर मूर्छा भएर सिमन्तिनी भूमिमा पछारिइन्।

चित्राङ्गदले आफ्नी श्रीमतीको यस्तो दशा देखेर दृढतापूर्वक धैर्य धारण गरेर सिमन्तिनीलाई धेरै सम्झाउन लाग्नुभयो-"मैले तिम्रा पतिलाई देखेको छु, तिमीले गरेको सोमवारको व्रत एवं सुकर्मका कारणबाट ऊ बाँचेका छन् तुरून्त तिम्रा नजिक आउँदैछन्। केवल दुईतीन दिनमा तिम्रो दु:ख दूर हुनेछ; म यही सन्देश सुनाउन यहाँ आएको हुँ किनकि म तिम्रा पतिको साथी हुँ। तिमी यस कुरालाई प्रचार भने नगर, मनमा मात्र प्रसन्न रहने काम गर" यस्तो सुनेर सिमन्तिनीले बारम्बार उनको अनुहार हेरेर विचार गर्थिन् मेरा पति यिनै हुन् किनभने याज्ञवल्क्यकी भार्याका वचन शिवजीकोकृपाबाट वहाँ बाच्नुभयो। शिवजीको दया धन्य छ। फेरि राजाले तुरुन्त नै सिमन्तिनीका कानमा "चुपचुप" भनिदिए जसबाट उनी ज्यादै प्रसन्न भइन्। अझ भन्नुभयो "तिमी आफ्ना मातापिता कहाँ जाऊ र

आफ्ना कुराहरू भन तिमीले थोरै नै समयमा आफ्ना पति पाउनेछ्यौ।" यति भनेर आफ्ना राजधानीमा गएर तक्षकपुत्रलाई आफ्ना शत्रुकहाँ पठाए।

तक्षकपुत्रले गएर सबै बृत्तान्त चित्राङ्गद तथा शिवजीको दयाको वर्णन गरे। भन्नुभयो "चित्राङ्गदका पितामातालाई छोडिदिनुस् अन्यथा तपाईंसँग युद्ध होला। त्यसको प्रतिफल तपाईंको मृत्यु होला।" यस्ता कुरा सुनेर आफू मारिने डरले शत्रुले मित्रता गरेर चित्राङ्गदलाई उनको राज्य एवं मातापिता सुम्पिने काम गरे। त्यस समयमा सारा जनताहरूले सर्ष एकतापूर्वक राजपुत्रकन दर्शन गरे। उनका पितामातालाई त्यस्य समयमा यति आनन्द प्राप्त भयो त्यस्को वर्णन गर्न म सक्दिन। उनका पिता इन्द्रसेनले प्रेमपूर्वक आफ्नो हृदयमा उनलाई स्पर्श गराए, उनकी आमाले धेरै आशीर्वाद दिइन्। चित्राङ्गदले सभामा बसेर आफ्नो बृतान्त सुनाए। दूतलाई ससुरालमा पाठयो र यी सबै खबर चित्रबर्मलाई सुनाइयो। रानी र छोरी (सिमन्तिनी) सहित चित्रबर्म अति प्रसन्न भए र धेरै दान पुण्य पनि गरे। त्यहाँ

सबैले सिमन्तिनीको ठूलो प्रशंसा गरे। त्यसपछि चित्रबर्माले चित्राङ्गदलाई बोलाएर विधवाको भेषमा रहेकी सिमन्तिनीको नयाँ अनुहार लिएका पुरानै जुवाईलाई धेरै दाइजो-सहित विवाह गरिदिए। त्यहाँ वरियातमा आएका जन्ती एवं निम्तारूहरूलाई मीठामीठा उत्तमउत्तम अनेक भोजन गराए। चित्राङ्गदले तक्षकबाट पाएका अनेक उत्तम उत्तम गहना वस्त्रहरू सिमन्तिनीलई पहिऱ्याए। मङ्गल बाजा र बरियाँतसाथ राजा इन्द्रसेन कहाँ विवाह आइपुग्यो। निम्तारू विदा भए। राजाले छोराबुहारीलाई राज्यभार सुम्पेर रानी सहित बनवास गर्दै तपस्या एव योगाभ्यास गरेर मृत्यु पश्चात मुक्त भई शिवपुरीमा गए। राजा चित्राङ्गदले मगधदेशको राज्य दशहजार वर्षसम्म गरे। त्यस समयमा सिमन्तिनीमा राजाबाट आठपुत्र एक पुत्री जन्मेथे। ती सबै पूर्णायु थिए। सुशील, सभ्य, नैतिकवान्, अनुशासित र राम्रो आचरण भएका थिए। यसरी आनन्दमा डुबेर पनि सोमवारको व्रत छोडिनन्। पतिसहित शिव एवं शिवरानीको पूजा गर्थिन् र सदा शिवजी पनि प्रसन्न हुनुहुन्थ्यो।

*ॐ तस्सदिति शिवपुराणान्तर्गत सोमवार व्रतकथायां चतुर्थोऽध्याय ॥४॥*

ब्रह्माजीले भन्नुभयो, "सोमवार व्रतमहिमा अरू पनि सुनाउँछु जुन सुन्नाले गौरीशंङ्कर प्रति सिमन्तिनीको कति भक्ति थियो भन्ने जानी आफ्ना पापहरू नाश गर्न सकिन्छ।"

प्राचीन समयमा विदर्भ देशमा एक देवमित्र नामका ब्राह्मण विद्वान् एवं वेदवेत्ता थिए। उनका सारस्वत नामक ब्राह्मण साथी थिए। पछि वेदमित्र र सारस्वतका एक/एक भाई छोरा जन्मिए। वेदमित्रपुत्र सामवान् र सारस्वतपुत्र सुमेधा, सर्वकार्य एवं स्वभावमा समान थिए। एउटै गुरुसँग विद्या पढे, दुवैले मातापितालाई प्रसन्न गराए दुवै ब्राह्मणले एकदिन आ-आफ्ना छोराहरूलाई "बाबु! सोह्रवर्षको भयौं, विवाहको पनि त अवस्था त भइ नै गयो, तर विना धनले विवाह हुँदैन। त्यसकारण तिमीहरू अब राजाकहाँ गएर वेदपढ तब त्यहाँबाट धन मिल्नेछ, त्यसैले तिमीहरूको विवाह पनि हुनेछ।"

त्यो सुनेर दुवै भाइ बैदर्भ राजाकहाँ गएर वेदपारायण एवं कविता वाचन गरे। फलत: राजाबाट पर्याप्त धन पनि पाए, परन्तु राजाले हाँस्दै अर्कै कुरा गरे-"मगध देशमा राजा चित्राङ्गद र उनकी रानी सिमन्तिनीले सोमवार व्रत गरेर शिव र शिवरानी भवानीलाई प्रसन्न गराउन पूजा गर्छन् तथा दम्पती ब्राह्मणलाई धनहरू दान दिन्छन् उनले ब्राह्मण दम्पतीलाई लक्ष्मीनारायणकै प्रतिमूर्ति मान्दछन्। उनको सिद्धान्तमा कैलाशवासी उमामहेश्वर, बैकुण्ठवासी लक्ष्मीनारायण देवमयी मूर्ति हुन् तर पृथ्वीका ब्राह्मणदम्पती बेदमयी मूर्ति हुन्। यिनमा अरू भेद छैन। अत: एक जना ब्राह्मण अर्को जना ब्राह्मणी बनेर जाओ त्यहाँको धेरै धन लिएर मकहाँ पनि आओ" यस्तो राजाको आज्ञा सुनेर दुवै ब्राह्मण डराउँदै भन्न लागे-"हामीलाई यस्तो धन चाँहिंदैन किनकि देवता, गुरु, माता, पिता, राजा

र आफ्ना कुलमा छल गर्नाले नष्ट होइन्छ। छल गर्नेको सबै कार्य नष्ट हुन्छ। उसको हृदय स्थिर हुँदैन। यस्तो धूर्तव्यवहार छट्टुलाई मात्र उचित हुन्छ, हामीलाई होइन, हामी उत्तम कुलमा जन्म लियौं, त्यसैले धर्मका नाममा अधर्म गर्दैनौं। धर्मका नामले अधर्म गर्नेहरूलाई धर्मशंकर भनिन्छ। त्यसका स्त्रीहरू दोषी हुन्छन्। त्यहाँ नास्तिक सन्तति जन्मिन्छन्। नजिकको कुरा मात्र देख्ने अल्पदृष्टि भएका परलोक नमान्ने सन्तानले सबै पितृहरूलाई आन्तरिक पीडा दिने हुन्छन्। त्यसैले यस्तो भद्रछद्रु बन्नु हुँदैन। दैवी आस्था छैन भने विडम्बनामात्र राख्नु हुन्न। काँधमा जनै राखेर धर्मलाई अफिमको संज्ञा दिने अगुवा, दुइवटी श्रीमती भएर सुख छ भन्ने पुरुष, दूधदहीघ्यू, केही नभएको भोजन मीठो थियो भन्ने भोक्ता, मदिराको सेवन गरेर निरोगी बनिन्छ, भन्ने वैद्य विद्यार्थीलाई जति कुट्यो त्यत्ति विद्या आउँछ भन्ने शिक्षक, मासु खाएर दयालु छु भन्ने उदार, जनता मारेर शान्ति ल्याउँछु भन्ने राजा,

मानिसको घाँटी सेरेर जनताका लागि भन्ने जनवादी नेता, टुप्पी काटेर जनै चुँडाएर आचारमा छु भन्ने पुरोहित, अर्कालाई व्यङ्ग्य गरेर भद्रता देखाउने लेखक, लसुन प्याज खाएर व्रत बस्ने व्रती, अहिंसाव्रत गरेर पाठी काट्ने धार्मिक यी बसैं देववाणीको मुण्टो निमोठेर अनुशासकनको भाषण गर्ने सरकार जस्तै विचित्रताका प्रतिमूर्ति हुन्। तागाधारीहरूले कहिल्यै पनि यस्तो छल गर्नु हुँदैन। महाराज! यस्तो आज्ञा नहोस्। हजुरले यस्ता अधर्मको कुरा नगरिबक्सिन पुन: हामी अनुरोध गर्दछौं।" भन्दै अधोशिर गरे। तब राजाले वेदको प्रमाण दिएर भने "वेदमा लेखिएको छ-देवता, गुरु:, माता, पिता र राजाको आज्ञा काट्नु हुँदैन। राम्रो वा नराम्रो विचार नगरेर आज्ञाको शीघ्र पालना गर्नुपर्दछ। त्यसैले तिमीहरू मेरा जनता हौ म राजा हुँ। आज्ञाको अङ्गीकार गर अन्यथा पापी बन्नेछौ।" यस्तो सुनेपछि राजआज्ञा स्वीकार गरे। सामवान्‌ले स्त्रीको वेष धारण गरेर सिमन्तिनी रानीका

नजिक गए, सुमेधा पुरुषका वेषमा नै रहे। सोमवारको दिन सिमन्तिनीका घरमा ब्राह्मणहरूको भीड देखिन्थ्यो। सिमन्तिनीले सबै नारीहरूलाई पार्वतीको र सबै पुरुषलाई शिवको रूप सम्झेर पूजा गरिन्। उनका मनमा दोस्रो भाव उठेन। लक्ष्मीनारायण नै गौरीशङ्कर भएर आउनु भयो भन्ने सम्झेर पूजा सकी भोजन गराइन्। त्यसपछि, दाहिने हातले पान दिइन्। फेरी दण्डवत गरेर दक्षिणासिहित बहुधन दिएर विदा गरियो। अरू सबैलाई पनि पर्याप्त सामग्रीहरूले प्रसन्न गराइयो। ती दुई पनि यथेष्ट धन लिएर घरतिर जान लागे। बाटमा सामवान् जो स्त्री बनेका थिए र गिरिजा महारानी बनेका थिए। पार्वतीप्रति गरिने सम्मान ग्रहण गरेथे, ती ता वास्तवमा नै स्त्री बनेछन्, कामवश भएर सुमेधालाई हेर्दै भन्नलागे "हेर्नुस्न यो वन ता कस्तो कामदेवका लागि योग्य रहेछ।" सुमेधाले यो सुनेर यी हास्य गफ गर्छन् भन्ने सम्झेर अगाडि बढे तापनि फेरि कामवश भएर भन्न लागिन् "म

तपाईँकी स्त्री हुँ, तपाईँ किन मलाई यौनतृप्ति गर्नुहुन्न? म कामवाणले अती दुःखी छु, म अब हिड्न सक्दिन। तपाईँ मसँग यौन सम्पर्क गरेर मेरो-प्राण बचाउनुहोस्। मेरा स्वामी तपाईँ नै हुनुहुन्छ। कुनै पर्व नपरेको रातमा आफ्नी आँतुर श्रीमतीलाई संतृप्ति नदिने पुरूष पापी हुन्छ, के यो कुरा तपाईँले शास्त्रमा पढ्नुभएको छैन? यस्तो सुनेर सुमेधाले पछाडि फर्केर हेर्दा वास्तवमा नै एउटी महासुन्दरी पछिपछि आउँदै रहिछिन्, तब सुमेधाले भने "तिमी पुरुष भएर पनि किन यस्तो कुरा गरेका छौ? तिमी त वेदपाठी ब्रह्मचारी निष्पाप ब्राह्मण हौ किन यस्तो निरर्थक वचन बोल्दछौ?"

स्त्रीले भनिन् "यदि तपाईँ विश्वास मान्नुहुन्न भने मेरो कुच एवं उपस्थसमतेत हेर्नुहोस्, भन्दैं बस्त्र खोलेर आफ्नो गुप्ताङ्ग निरीक्षण गराइन् जसलाई देखेर सुमेधाले आश्चर्य मानेर प्रभु शिवको ध्यान गरे।

नारीले फेरि भनिन्-"मेरो प्रार्थनाको किन वास्ता गर्नुहुन्न? अब तपाईंको शङ्का हटिसकेको छ, किन ढिला गर्नुहुन्छ? हेर्नुस् यो वनको शोभा, यो यौवनावस्था, विहार गर्न योग्य यो संयोग, अहिले नै मेरो मनोरथ पूरा गरिदिनुस्।" यो सुनेर सुमेधाले आफू दुवै वेदपाठी ब्राह्मण भएको, सामवान् सपना झैं स्त्री बनेको, राजाको आज्ञा अनुसार अधर्मी धूर्त भएर पिताको उपदेशको विरुद्ध गरेको कामको फल देखिएको, शिव एवं शिवरानीको ध्यान गरेमा देवता र गुरुको उपदेश लिएर यस्तो पापबाट छुट्न सकिने तथा छुट्नै पर्ने, यदि कदाचित् पुरुष बन्न नसकेमा वा स्त्रीरूप नै सर्वदा विद्यमान रहेमा आफ्ना पिताको आज्ञा लिएर उनलाई आफ्नी स्त्री बनाउने कुरा बताए। शिवजीको माया, सिमन्तिनी रानीको व्रतको प्रभावको ठूलो प्रशंसा पनि गरे तर पनि ती कुरा केही नसुनेर कामवेगले उनलाई अङ्कमाल गर्न पुगिन्। सुमेधाले परिश्रमपूर्वक आफूलाई छुटाएर ती स्त्रीसमेत आफ्ना घर

पुगेर पितालाई सबै कुरा बताए। ती दुवैका पिता वैदर्भ राजाकहाँ गएर रिसले जागेर भने- ३९
"तपाईंले कस्तो काम गर्न आज्ञा दिनुभयो? विवेक छैन? घुमाउरो चेतना भएका राजाले जे गरे पनि हुन्छ? के राजाले त मनुपर्दैन? धार्मिक आस्था त्यही हो? त्यहाँका जनता कस्ता हुन्छन्? जहाँ राजा नै पापी छन्।" (भन्दै सारस्वत रून लागे) आफ्नो एकमात्र पुत्र भएको कुरा आफ्ना सबै पितृहरू निराश भएको कुरा, कुलमा नै अर्को सन्तान नभएको कुरा बताउँदै अचेत भएर भूमिमा ढले। राजाले सामवान्लाई स्त्रीरूप देखेर अति आश्चर्य मान्दै हात जोडेर ब्राह्मणसँग प्रार्थना गरे-"हे भूदेव, जे हुनु भइगयो मलाई माफ दिनुहोस् र गिरिजा माताका शरण पर्नुस्। किनभने आमाले छोरालाई माया गरेझैं पानीको समान गुण हुने (पानीको दहमा लट्ठीले हानेमा डाम बस्छ, तर तुरून्त त्यो डाम मेटिन्छ, चीसो पानीले

तातोको सङ्गत पायो भने तातिन्छ, परन्तु तातोबाट अलग्ग हुने बित्तिकै आफ्नौ शीतल स्वभावमा परिवर्तित भइ नै जान्छ) त्यस्तै अर्थात् रिसाए पनि शीघ्रातिशीघ्र दयाको दृष्टिले हेरी माया दिने जगज्जननीले नै यो समस्या समाधान गर्नुहुनेछ।'' यो कुरा सुनेर ब्रह्मणहरू योगमायाको आराधनामा दृढ चित्त भई लागे। आदि शक्ति भवानी प्रसन्न भएर बरदान माग्न आज्ञा भयो। ब्राह्मणले (सुमेधासमेत सारस्वतले) सामवान्लाई पुन: पुरुषत्व दिन आग्रह गरे, परन्तु माताले भन्नुभयो: ''म भक्तको अवज्ञा गर्न चाहन्न, बरु तिमीहरूलाई अर्को छोरो दिन्छु। सुमेधा त पुरुष बन्न मिल्दैन यिनले नारी हुन ज्यादै रहर गरे अत: यिनको सुमेधासँग विवाह गराउनु।'' भनेर महामाया अन्तर्ध्यान हुनुभयो।

ब्राह्मणहरू आ-आफ्ना घर फर्के। ती दुईको विवाह पनि भयो। सारस्वतको भने

दोस्रो छोरो जन्मियो जसबाट ठूलो सुख पनि प्राप्त भयो। हे नारद भक्तको अपमान एवं निन्दा, अवहेलना गर्नेले त्यस्तै भक्तलाई छक्याउने, ठग्ने उद्देश्य राख्नेले जीवनको विपरीत फल भोग्न विवश हुनुपर्छ।

सद्बुद्धि, सद्व्यवहार, सदाचार एवं अरुप्रतिको सद्भावना हुनेले अवश्य एक दिन सफलता प्राप्त गर्छ। जसरी सिमन्तिनी रानीको भक्तिको माहात्म्य अलौकिक असाधारण र ज्यादै महत्वपूर्ण देखिन्छ। आध्यात्मिक, आदिदैविक र आदिभौतिक तीनै प्रकारका दुःखहरू नाश गर्ने, धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ सिद्ध गर्ने सोमवार व्रतको महिमा अनन्त छ। यो चरित्र सुन्ने र भन्नेका पापहरू नाश हुन्छन्। उसका सन्तानको समेत सद्बुद्धि हुन्छ। मनोरथ पूर्ण हुँदै जान्छ। यो रहस्यमय चरित्र धूर्तबाट गुप्त राख।"

यदि कुनै कारणले व्रतलिन असमर्थता रहेमा यो महात्म्य श्रद्धापूर्वक सुनेमा वा सुनाएमा पूर्णफल पाउने शिवभक्त बन्न पनि सक्तछ। यो शिव महात्म्य जसका घरमा पहेंलो बस्त्रले लपेटेर सम्मानूर्वक राखिएको हुन्छ। त्यसका घरमा अमङ्गल अड्न सक्दैन। हिन्दू धर्मका श्रद्धालु भक्तका लागि यो एउटा महत्वपूर्ण रत्न हो। दैवी श्रद्धा जागृत गर्ने, देहावसानमा पनि त्याग्न नपर्ने, सदैव अक्षय रहने भावात्मक सम्पत्तिको सदुपयोग एवं कदर गर्नुनै सद्बुद्धिको संरक्षण हो।'' भनी ब्रह्माले नारदलाई शिवले पार्वतीलाई वर्णन गरिएको सच्चरित्र 'यथाधीत यथा मति:' वर्णन गरियो (सबैले भनौ) साम्बशिवको जय-३

*ॐ तत्सदिति शिवपुराणान्तर्गत सोमवार व्रतकथायां पञ्चमोऽध्याय ॥५॥*

# स्तुति

ब्रह्माविष्णुमहेशपार्वती प्रभुः ओम्मूर्ति आफैं हुने ।
सूर्य, चन्द्र र अग्नि नेत्र जसका विभूतिले शोभिने ।।
सत्तमोरज गुण तीन शिवकै छैनन् गुणी नामले ।
रामेश्वर् भनी नाम राखिदिनुभो सीतापति रामले ।।१।।

एकं पापं हरं प्रोक्तं द्विलिङ्गं चार्थसिद्धिदम् ।
त्रिलिङ्गं सर्वकामानं कारणं परमीरितम् ।।१५।।
उत्तमं चतुरङ्गुलं तस्मादूर्ध्वं तु मध्यमम् ।
अधमं कथितं लिङ्गं स्वल्पं चेच्चतुरङ्गुलात् ।।

द्वादश ज्योतिर्लिङ्ग कहाँ कहाँ छन्त?

सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम् ।
उज्जयिन्यां महाकालमोंकारे परमेश्वरम् ।।
केदारं हिमवत्पृष्ठे डाकिन्यां भीमशङ्करम् (भमेश्वरम्) ।।
वाराणश्यां च विश्वेशं त्र्यम्बम्वकं गौतमी-तटे ।।
वैद्यनाथं चिताभूमौ नागेशं दारूकावने ।
सेतुवन्धे च रामेशं घुश्मेशं च शिवालये ।।इति।।

प्रणाम मेरो प्रभु हे गणेश सरस्वती विष्णु तथा महेश ।
कृपा मिलोस् सिर्जनशील शक्ति अनन्य प्रज्ञा हरिको त भक्ति ।।

# त्रिगुण शिवजी की आरती:

जयशिव ओंकारा, हर जय शिव ओंकारा।
ब्रह्मा-विष्णु सदाशिव अर्द्धाङ्गी धारा।।टेक।।
एकानन चतुरानन पंचानन राजै।
हंसासन गरुडासन वृषवाहन साजै।। जय शिव०।।
दोयभुज चार चतुर्भुज दशभुज ते सोहे।
तीनों रूप निरखता त्रिभुवन जन मोहे।। जय शिव०।।
अक्षमाला वनमाला रुण्डमाला धारी।
चन्दन मृगमद चन्दा भाले शुभकारी।। जय शिव०।।

श्वेताम्बर पीताम्बर बाघम्बर अंगे।
सनकादिक प्रभुतादिक भूतादिक संगे।। जय शिव०।।
कर मध्य कमंडलु चक्र त्रिशूल धरता।
जग कर्ता जग भर्ता जग संहार कर्ता।। जय शिव०।।
ब्रह्मा-विष्णु सदाशिव जानत अविवेका।
प्रणव अक्षरनुमध्ये ये तीनों एका।। जय शिव०।।
त्रिगुण स्वामीकी आरति जो कोई नरगावै।
भनत शिवानन्दस्वामी मन वांछित फल पावै।। जय शिव०।।

*